**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - साउन २६**

## उच्चायुक्तको कार्यालय र राष्ट्रिय महिला आयोगद्वारा सहकार्यका थप गतिविधिको पहिचान

साउन २६, काठमाडौं

बलात्कार, बोक्सीको आरोप, दाइजो तथा अन्य प्रकारका लैङ्गिक हिंसामार्फत् महिलाका अधिकारहरूमाथि नेपालमा बढ्दो सङ्ख्यामा आक्रमण भइरहेको छ। घरेलु हिंसा र महिलाविरुद्धको भेदभाव अद्यापि गहिरोसँग जरा गाडेर बसेकै छ। यस सन्दर्भमा उच्चायुक्तको कार्यालय-नेपाल र राष्ट्रिय महिला आयोग (आयोग)ले यस क्षेत्रमा रहेका मुख्य सरोकारका विषयहरूलाई सम्बोधन गर्न आज संयुक्त रणनीति विकास कार्यशालाको आयोजना गरे। दुई सङ्गठनबीच भविष्यमा सहयोगका लागि विशिष्ट गतिविधिहरूको पहिचान गरियो। आयोगलाई उसको कानुनी कार्यदिशको पूर्ण रूपमा सदुपयोग गर्नमा सहायता गर्न विभिन्न प्रकारका सहयोगबारे पनि सहमति भयो।

यो पहल महिला अधिकारको संरक्षण तथा लैङ्गिक न्यायको प्रवर्द्धन गर्ने उद्देश्यले आयोग र उच्चायुक्तको कार्यालयबीच भइरहेका सहकार्यात्मक प्रयत्नहरूको शृङ्खलाको एउटा भाग हो। जुन महिनामा, उच्चायुक्तको कार्यालय नेपालले मानवअधिकार सूचकाङ्कमा केन्द्रित भई आयोगसँग मिलेर दुईदिने मानवअधिकार प्रशिक्षण सञ्चालन गर्‍यो।

कार्यशालाको अन्त्यमा, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी उप-प्रमुख ज्योति साङ्घेराले आयोगकी अध्यक्ष नैनकला थापालाई काठमाडौंमा विभिन्न मानवअधिकार पुस्तक, श्रव्यदृश्य सामग्री तथा उच्चायुक्तको कार्यालय-नेपालद्वारा प्रकाशित प्रतिवेदनहरू हस्तान्तरण गर्नुभयो। यी सामग्रीहरूले आयोगलाई काठमाडौंस्थित आफ्नो केन्द्रीय कार्यालयमा एउटा मानवअधिकार स्रोतकेन्द्र स्थापना गर्न मद्दत गर्नेछ। आयोगको स्रोतकेन्द्र उसका कर्मचारी तथा नागरिक समाजका साझेदारहरूद्वारा प्रयोग गरिनेछ।

सो अवसरमा आयोगकी अध्यक्ष नैनकला थापाले उच्चायुक्तको कार्यालयसँगको सहकार्यले नेपालमा महिलाको अधिकार सुनिश्चित गर्न मद्दत गर्ने आशा व्यक्त गर्नुभयो। "नेपालमा महिला सशक्तीकरणमा तथा न्यायमा महिलाको पहुँच सुनिश्चित गर्नमा आयोगको महत्त्वपूर्ण भूमिका रहेको छ", उच्चायुक्तको कार्यालय-नेपालकी उपप्रमुख ज्योति साङ्घेराले भन्नुभयो। "उच्चायुक्तको कार्यालय-नेपाल महिलाका अधिकार सुदृढ गर्ने यी प्रयासहरूमा राष्ट्रिय मानवअधिकार आयोग र नागरिक समाजसँगै राष्ट्रिय महिला आयोगसँग फलदायी सहकार्यका लागि प्रतीक्षारत छ।"

**For further information contact Chun Gurung at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.320); Mobile 9851016937 or cgurung@ohchr.org**
**Rituraj Bhandari at NWC Tel:4256701 or info@nwc.gov.np**